राइनास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

## नदीजन्य पदार्थको संकलन गरी बिक्रि, वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको शिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना

**( दोस्रो पटक प्रकाशित मिति : २०८०।०४।२८)**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को घ(६) को व्यवस्था अनुसार यस नगरपालिकाले तोकेका नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ निकाली गण्डकी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७८/७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of Attorney) सहित रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र पुन आव्हान गरिएको छ ।

शर्तहरु :

१. दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ भने दरभाउपत्र पेश गर्ने अवधि दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० भित्र रहनेछ । दर्ता हुन आएको दरभाउपत्रहरु १६ औ दिनमा दिनको २:०० बजे यस नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । दरभाउ खरिद तथा पेश गर्न दरभाउपत्र दाता फर्मको प्रोपाइटर स्वयंम उपस्थित हुनुपर्नेछ । उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सक्नेछ ।

२. फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर बाहेक ५ पाँच प्रतिशत ले हुन आउने रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड, राइनास शाखामा रहेको ग.३.१ स्थानीय तह धरौटी खाता नं. २५५५५३७६५२०१६८ मा रकम जम्मा गरेको सक्ल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको क वर्गको वाणिज्य बैंकको दरभाउपत्र जमानत (बिड बोन्ड) पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फ बाट प्रमाणित नभएको दरभाउपत्र फारमलाई मान्यता दिईने छैन ।

४. यस नगरका नदी तथा नदीहरुबाट संकलन गर्ने नदीजन्य पदार्थहरुको परिमाण सन्दर्भमा नदी जन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु गण्डकी प्रदेशको कार्यविधि तथा राइनास नगरपालिकाको संक्षिप्त वातावरणीय अध्यायन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७९ र ढुंगा, गिट्टी, बालुवा संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८० यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ ।

५. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । विशेष अवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिने छ ।

६. सूचना सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी, वडा कार्यालयको सूचना पाटी, वेवसाइट www.rainasmun.gov.np मा समेत हेर्न सकिने छ । यस सम्बन्धमा अन्य कुरा वुझ्नु परेमा यस कार्यालयमा कार्यालयको समयभित्र सम्पर्क राख्न सकिने छ । उत्त सूचना समेत यसै सिलवन्दी दरभाउपत्र सम्वन्धी सूचनाको अभिन्न अंग मानिनेछ ।

गोकर्ण राज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | ठेक्का को विवरण | संकलन गर्ने घाटको स्थल | परिमाण (घ.मि.) | कुल परिमाण (घ.मि.) | न्यनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) रु | न्युनतम धरौटी रकम रु | दरभाउपत्र थोलपत्र फारम दस्तुर रु (फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/राइनास/०८०/८१ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि) संकलन तथा बिक्रि वितरण | मर्स्याङदी नदी भट्टेचौरघाट | १८४८ | ३७६३.२ | ११९६०४२.८ | कबोल अंकको ५% | १००० | |
| | | | मर्स्याङदी नदी नौथिमे | १९१५.२ | | | | | |
| २ | ०२/राइनास/०८०/८१ | | मर्स्यांङदी नदी खांद | १४५५.३ | २४५५.३ | ७८०३५८.१७ | | १००० | |
| | | | चेपेनदी ध्याउसे/गंगटे | १००० | | | | | |
| ३ | ०३/राइनास/०८०/८१ | | मर्स्याङदी नदी टुनावगर | १३२० | २२२० | ७०५५७३.७२ | | १००० | |
| | | | चेपेनदी नारिन चौर | ९०० | | | | | |
| ४ | ०४/राइनास/०८०/८१ | | चेपेनदी कड्यान | १२०० | २८२५ | ८९७८५८.४५ | | १००० | |
| | | | चेपेनदी ढावर वगर | ३७५ | | | | | |
| | | | चेपेनदी भत्कने | १२५० | | | | | |
| ५ | ०५/राइनास/०८०/८१ | | चेपेनदी नागेथाटी | २३०० | २७८० | ८८३५५६.२८ | | १००० | |
| | | | चेपेनदी नेवोटे | ४८० | | | | | |
| ६ | ०६/राइनास/०८०/८१ | | चेपेनदी घुमाउने | ३६७५ | ४५७५ | १४५४०५३.९५ | | १००० | |
| | | | चेपेनदी कालिका रह | ९०० | | | | | |

..............................

प्रमुख प्रशासकीय अधिकृत

गोकर्ण राज सुवाल
प्रमुख प्रशासकीय अधिकृत